# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रजैया, मकवानपुर
# वाग्मति प्रदेश, नेपाल

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको प्रतिवेदन

१८ फाल्गुण २०८०




प्रतिवेदन तयार गर्ने:

हयाप्पी स्ट्रिंग एडभाईजर्स प्रा लि

वेनी न.पा. वडा नं. ८, वेनी, म्याग्दी ।

सम्पर्क नम्बर: ९८६०५७३७४०

**Email:***bharatprasadkc@gmail.com, advisorshappystring@gmail.com*

# भाग १

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१. पृष्ठभूमि

नेपाल एक अति कम विकसित राष्ट्र वाट भर्खरै विकासोन्मुख देशको श्रेणीमा स्तरोन्नति भएको देश हो । कुन पनि राष्ट्रको सर्वाङ्गिर्ण विकासको लागि आधा जनसंख्या ओगट्ने महिला लगायत विभिन्न जात, जाति, धर्म, भाषा, सम्प्रदाय, आस्था, भौगोलिक क्षेत्र लगायत सबै समुदाय र वर्गको शासन प्रक्रिया तथा अवसर र साधन श्रोतहरुमा सार्थक र अर्थपूर्ण पहुँच र सहभागिता आवश्यक हुन्छ । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त राज्यमा त सामाजिक समावेशीकरण र समावेशी विकासको झन धेरै आवश्यकता र महत्व छ । विकासको विभिन्न पक्षहरुहरु मध्येलैंङ्गिक समानता र सामाजिक समावेशीकरण पनि महन्वपूर्ण र अविभाज्य पक्षको रुपमा पहिचान भएका छन । लैंङ्गिक समानता भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्दै शक्ति संतुलनको अवस्थालाई जनाँउदछ भने सामाजिक समावेशीकरणले राज्य, समाज वाट प्रदान गरिने सेवा, अवसर र स्रोत साधन उपभोग गर्न र स्तरयुक्त जीवनयापन गर्नबाट वञ्चित भएका तथा विपन्न र सामाजिकरुपमा पछि परेका विभिन्न वर्ग, स्तर, जातजाती, सिमान्तकृत तथा बञ्चितीकरणमा परेका समुदायहरु, समूहरुलाई शासनका सवै तह र अवसरहरुमा सार्थक रुपमा सहभागी हुन सक्ने अवस्था वा सो अवस्था हासिल गर्नेतर्फ लक्षित क्रियाकलापहरुलाई जनाँउदछ । समुन्नत र समृद्ध समाज निर्माणको लागि महिला र पुरुषको समानुपातिक विकासका साथसाथै विभिन्न जात, जाति, लिंङ्ग, क्षेत्र, भाषा, धर्म, शारिरीक अवस्था लगायत सबै वर्ग र समुदायको शासन प्रक्रिया, श्रोत, साधन, अवसरहरु, तथा निर्णय प्रक्रियामा सार्थक सहभागिता र पहुँच रहने अवस्थाको सुनिश्चितता हुन आवश्यक हुन्छ ।

वर्तमान परिप्रेच्क्ष्यमा संसारभर नै लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विकासका महत्वपुर्ण र आधारभुत अवधारणाहरुको रुपमा लिने गरिएको छ । नेपाल  एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त राज्य भएको हुनाले सबै जातजाति, क्षेत्र, धर्म, वर्ग, समुदाय, आर्थिक अवस्था, अपांगता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुको शासन प्रक्रिया, स्रोत साधन, अवसर तथा लाभहरुमा समानुपातिक पहुँच सुनिश्चित गदै सबै प्रकारका विभेद रहित समतामूलक समाजको निर्माण गर्ने दिशामा अघि बढ्नुपर्ने हुन्छ। यसै सर्न्दभमा नेपालले पनि लैंङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चितताको लागि विभिन्न संबैधानिक, कानुनी, नीतिगत तथा संस्थागत ब्यवस्थाहरुको कार्यान्वयन गदै आईरहेको छ ।

नेपालको हालको संविधान, नेपालको संविधान २०७२, का लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रावधानहरु अग्रगामी र महत्वपुर्ण मानिन्छन् । यस संविधानको प्रस्तावनामा नै लैङ्गिक लगायत विभिन्न किसिमका विभेद र जातीय छुवाछुतको अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै मौलिक हक र दायित्व खण्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास) सुनिश्चित गर्न विभिन्न मौलिक हकको ब्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रर्वधन गर्न महिला तथा विभिन्न समुदायहरुलाई विशेष हक र अधिकारहरुको ब्यवस्था गरेको छ। संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा कुनै पनि आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ।

त्यस्तै वर्तमान संविधानको धारा ३८ ले महिलालाई समता र समानताको अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै तहमा राजनैतिकरुपमा पनि सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको ब्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भावस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ। त्यस्तै नेपालका ७५३ वटा स्थानीय तहहरुको काम कारवाही व्यवस्थित गर्न बनेको *स्थानीय सरकार संचालन ऐन २०७४* ले पनि लैंससास सम्बन्धी ब्यवस्था प्रस्तावनामानै उल्लेख गरि यस सम्बन्धी विभिन्न प्रावधानहरुको ब्यवस्था गरेको छ। यसका अतिरिक्त नेपाल विभिन्न अन्तराष्ट्रिय अभिसन्धिहरुको पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता ब्यक्त गर्दै सोहि अनुसारका व्यवस्थाहरु कार्यन्वयन गर्दै आईरहेको पनि छ। साथसाथै विभिन्न संसदीय प्रतिवद्धता, नेपाल सरकारका आवधिक योजनाहरु, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटले लैससासलाई प्राथमिकताका साथ आत्मसात गरेका छन्। मुलुकी फौजदारी संहितालगायतका ऐनहरुले विभेद र असमानतालाई दण्डनीय बनाई सजायको व्यवस्था समेत गरेका छन्, तर बिभिन्न संबैधानिक, कानूनी, नीतिगत तथा सँस्थागत ब्यवस्थाहरुको लामो अवधिसम्मको कार्यान्वयनको

वावजुत नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन ।

नेपालमा सरकारी स्तरबाट महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्नै उद्देश्यले लैंससास सम्बन्धि नीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्न संघीय, प्रादेशिक तथा स्थानिय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन् । जनतासँग सबैभन्दा नजिक रहने स्थानीय सरकारकोहरु कार्यलाई व्यवस्थित गराउन बनेको स्थानीय सरकार संचालन ऐन २०७४ ले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्वन्धी व्यवस्थालाई प्रस्तावनामा नै उल्लेख गर्ने क्रममा लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दीगो विकासको अवधारणा अनुरुप शासन प्रणालीलाई स्थानीय तहदेखिनै सुद्रढीकरण गर्ने लगायतका उद्देश्य पुर्ति गर्न यो ऐन बनाईएको उल्लेख गरेको छ । यस ऐनले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा बिभिन्न प्रावधानहरुको व्यवस्था गरेको छ ।

यस सम्बन्धि मुख्य प्रावधानहरुमा गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैंससास सम्बन्धी व्यवस्था भएको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, विभिन्न समुदायबीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालबिबाह, बहुबिबाह, लैंङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएका वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिंदै लैंससास प्रवर्द्धन गर्ने जस्ता व्यवस्था पनि स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको छ । यसै ऐनको दफा ११ (२) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मवारी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र जिम्मेवारीमा उल्लेख गरिएको छ भने दफा २४ (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद व्यवस्थापन, लैङ्गिकतथा सामाजिक समावेशीकरण लगायतका अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था गरिएकोछ । त्यसैगरी सोही ऐनको दफा २४ (३) मा गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंङ्गिक समानता तथा सामाजिक

समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ भनी उल्लेख गरिएको छ ।

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणकार्यलाई ब्यवस्थित र प्रभावकारी बनाउन हालैमात्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ***स्थानीय तहका लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८*** जारी गरेको छ । स्थानीय तहद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्टियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गदै समावेशी विकासलाई प्रर्वधन गर्न मार्गनिर्देशन गर्ने उद्देश्यका साथ यस दिग्दर्शन जारी गरिएको हो । यस दिग्दर्शनले स्थानीय तह अन्तरगत लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाई स्थानीय तहमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा सहयोग पुर्‍याउने उद्देश्य लिएको छ ।

यसै परिप्रेक्ष्यमा मनहरी गांउ पालिकाले पनि आफ्ना नियमित क्रियाकलापहरुको अतिरिक्तलैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास र प्रर्वधनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गदै आईरहेको छ । यसै क्रममा यस गांउ विकास समितिले स्थानीय तहमा लैंससास परीक्षण गर्ने कार्यलाई सहजिकरण गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको उक्त दिग्दर्शनलाई आधार मानेर मनहरी गाउँपालिकामा मिति २०८० फाल्गुण ११ गते देखि फाल्गुण १८ गते सम्म गाउँपालिकाका निर्वाचित प्रतिनिधि र कर्मचारीहरुको सहभागितामा लैंससास परीक्षण कार्य सम्पन्न भएको छ ।

## १.२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व

- संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधताबीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समूहहरुको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न उपायहरु पहिचान गर्ने ।

- स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतिहरुको पहिचान गर्न एवं यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मुल्यांकन गरी नीतिगत पृष्ठपोषण लिन ।

## १.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण उद्धेश्यहरु

- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समूहहरूलाई समाबेशी गरी लैंङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैंङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैंङ्गिक मूलप्रवाहिकरण र सशक्तीकरण गर्दै लैजाने ।
- महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।
- स्थानीय सरकारका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैंससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैंससास परीक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

# भाग २

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि तथा औजार

### *२.१. लैंससास परीक्षण : सैद्धान्तिक मान्यता*

लैंङ्गिक तथा सामाजिक लेखाजोखा तथा परीक्षण गर्दा यी तल उल्लेखित विभिन्न सैद्धान्तिक मान्यताको आधारमा गरिएको थियो।

**क) लैंङ्गिक तथा समावेशीताका जवाफदेहिताको सिद्धान्त (Accountability)**

लैंङ्गिक तथा सामाजिक लेखाजोखा तथा परीक्षणले लैंङ्गिक समानता तथा सामाजिक समावेशीताका लागि जवाफदेहिताको परीक्षण गर्दछ र सो का लागि सुधारोन्मुख मार्गदर्शन गर्दछ ।

**ख) लैंङ्गिक उत्तरदायित्वको सिद्धान्त (Responsibility) :**

लैंङ्गिक लेखाजोखा तथा परीक्षणले लैंङ्गिक समानताका लागि उत्तरदायित्वको परीक्षण गर्दछ र सो का लागि सुधारोन्मुख मार्गदर्शन गर्दछ ।

**ग) लैंङ्गिक समताको सिद्धान्त (Gender Equity)**

लैंङ्गिक दृष्टिले समतायुक्त र सामाजिक न्यायमा आधारित समाजको निर्माणका लागि विधिवत रूपमा योगदान गर्नु नै यस सिद्धान्तको मूलभूत उदेश्य हो । विकासका नीति, योजना तथा संस्थागत व्यवस्थाको प्रयासले महिला र पुरुषमा फरक फरक प्रभाव पर्दछ, ग्रहणशीलता फरक फरक हुन्छ, व्यवहारिक तथा रणनीतिक आवश्यकता फरक फरक हुन्छ भन्ने मान्यताका आधारमा समताको परीक्षण र मार्गदर्शन गर्दछ ।

**घ) समावेशीकरणको सिद्धान्त (Inclusion)**

राज्यका विकास प्रणाली तथा व्यवस्थापकीय संरचनामा महिला र पुरुषको न्यायोचित स्थान, समाजका जातजाति, वर्ग, उमेर समूह र भिन्न क्षमता भएका व्यक्तिको (Gender, Geography, Caste, Ethnicity, Age, Ability), योगदान, सहभागिता, उपलब्धी तथा विकासका अवसरको लेखाजोखा तथा सुनिश्चिततताका लागि मार्गदर्शन गर्दछ ।

ङ) **समविकासको सिद्धान्त (Equal Development)**

महिला र पुरुषबीच तथा समाजमा रहेका विभिन्न जातजाति, समुदाय, वर्ग, उमेर समूह र शारीरिक क्षमता भएका व्यक्तिलाई आर्थिक, सामाजिक, राजनीतिक तथा मनोबैज्ञानिक विकासका लागि समान अवसर र सामाजिक संरचनामा आधारित सबै प्रकारका विभेद, शोषण, हिंसा तथा असमानताबाट मुक्ति र समानताको प्रत्याभूति गराउन मार्गदर्शन गर्दछ ।

## *२.२. लैंससास परीक्षणमा समावेस गरिएका क्षेत्रहरु तथा तहहरु*

संघिय व्यवस्था पश्चात लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई संस्थागत गर्नको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण दिग्दर्शन अनुरुप कार्यविधिको थालनि भएको छ जसलाइ सवै गाउँपालिका र नगरपालिकाहरुले लागु गर्दै आउनु भएको छ । यसै दिग्दर्शनले समेटेका निम्नानुसारका पाँचवटा क्षेत्र तथा २२ वटा उपक्षेत्रहरुमा केन्द्रित रही मनहरी गाउँपालिकाको लैंससास परीक्षण गरिएको थियो ।

| क्षेत्र | उपक्षेत्रहरु |
|---|---|
| नीति, कानुन र योजना | • नीति र कानुनमा समावेशीता/सहभागिता<br>• (योजना तर्जुमा तथा कार्यान्वयन<br>• बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत व्यवस्था | • कर्मचारी पदाधिकारी प्रतिनिधित्व<br>• कार्यप्रणाली समावेशी<br>• समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व<br>• वित्तव्यवस्थापन प्रणालीमा समावेशीता<br>• तथ्याङ्क संकलन तथा व्यवस्थापन |
| मानव संशाधन तथा क्षमता विकास | • मानव संसाधन तथा क्षमता विकास<br>• अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना<br>• कानूनी साक्षरता<br>• विपद् व्यवस्थापमा समावेशीता |
| सेवा प्रवाह | • पूर्वाधार विकास<br>• प्रजनन् स्वास्थ्य<br>• शिक्षा कार्यक्रम<br>• खानेपानी तथा सरसफाइ (४)<br>• स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन |
| सुशासन र उत्तरदायित्व | • सुशासन<br>• उत्तरदायित्व र जवाफदेहिता<br>• सूचना तथा संचार |

| | |
|---|---|
| | • अनुगमन तथा मूल्यांकन<br>• समवन्वय र सम्बन्ध बिस्तार |

## २.३ लैंगिक समानता तथा सामाजीक समावेशीकरण परीक्षणको औजारहरु

उक्त परीक्षणमा स्थानीय तहका लागि लैंससास परीक्षण दिग्दर्शन, २०७८ ले निर्दिष्ट गरेका विधिहरुलाई प्रमुख विधिका रुपमा मानेर निम्न औजार प्रयोग गरिएको थियो जसको व्याख्यन निम्न वमोजिम उल्लेख गरिएको छ ।

### २.३.१ दस्तावेजहरुको संकलन र पुनरावलोकन(Documents review):

- गाउँपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएका नीति, ऐन, निर्देशिकाहरु (राजपत्रबाट)
- बार्षिक प्रगति समीक्षा प्रतिवेदन
- वार्षिक विकास योजना तथा बजेट
- आवधिक तथा रणनीतिक योजना
- उपलब्ध अध्ययनका प्रतिवेदनहरु, तथा अन्य सन्दर्भ सामाग्रीहरु
- अनुगमन तथा मूल्यांकन कार्यदलको प्रतिवेदन, आदि ।

### २.३.२ लक्षित समूह छलफल (Focus Group Discussion) :

- वडाका महिला सदस्य, दलित महिला सदस्य, आदीवासी, जनजाती आदि ।
- वडा अध्यक्ष मध्येका केही वडा अध्यक्षहरु सँग छलफल ।
- आमा समूह तथा वाल क्लव संग छलफल तथा अर्न्तक्रिया

### २.३.३ मुख्य मुख्यव्यक्तिहरुसँगको अन्तर्वार्ता (Key Informants Interview) :

लैंससास परीक्षणका क्रममा गाउँपालिकामा प्रत्यक्ष सेवा प्रवाह गरिरहेका विभिन्न विषयगत शाखाहरुका प्रमुखहरुसंग पनि यस परीक्षणका सन्दर्भमा सुचना संकलन गर्ने ध्येयले छलफल गरियो र प्राप्त भएका सुचनाहरुलाई यस प्रतिवेदनमा सन्दर्भ अनुसार प्रस्तुती पनि गरिएको छ ।

### २.३.४.लैंससास परीक्षण कार्यशाला (**Audit Workshop**) :

वाग्मति प्रदेश मकवानपुर जिल्ला स्थित मनहरी गाउँपालिकाका स्थानीय निर्वाचनबाट निर्वाचित पदाधिकारीहरु अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष लगायत कार्यपालिका सदस्यहरु, महिला सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख सहितका गाउँपालिकामा कार्यरत अन्य कर्मचारीहरु समेतको व्यापक सहभागितामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाको आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

कार्यशालामा लैंससासका सैद्धान्तिक विषयवस्तुहरु (लैंससास तथा लैंससास परीक्षणको अवधारणा, औचित्य, परीक्षण विधि) को वारेमा जानकारी र छलफल गर्दै उपस्थित सहभागीहरुलाई विभिन्न पाँच समूहमा विभाजन गरिएको थियो । साथै लैंससास परीक्षणले समेटको ५ वटा मुख्य विषय, २२ वटा सहायक विषयहरु तथा १०० वटा सूचकहरु सहित यिनीहरुले प्राप्त गर्ने ०, ०.५ वा १ अंक र अवस्थाहरुका बारेमा छलफल गरिएको थियो र समूह कार्य गर्न लगाइएको थियो । सहभागिहरुलाई लैंससासको ५ प्रमुख क्षेत्रको आधारमा ५समूहमा विभाजित गरी ती समूहहरुलाई छुट्टा छुट्टै रुपमा आफ्नो समूह भित्र व्यापक छलफल र सहमति गरि कति अंक प्रदान गर्ने भन्ने यकिन गरि अंक प्रदान गर्न अनुरोध गरियो । यसरी प्राप्त अंकहरुको योगवाट मुख्य समूह तथा सहायक समूहहरुको नतिजालाई माकुरे जालो, तथा स्तम्भ चित्र प्रस्तुत गरि छलफल गरियो । यसरि प्राप्त अवस्था विश्लेषणका आधारमा गाउँपालिकाको समग्र लैंससासको अवस्थाको वारेमा छलफल गरी गाउँपालिकाको सबल पक्षहरु, आगामि दिनमा सुधार गर्नुपर्ने क्षेत्रहरु, अवसर तथा चुनौतीहरु पनि पहिचान गरि अभिलेख गरियो । साथै लैंससासको सुदृढीकरण गरि गाउँपालिकाले आगामी दिनहरुमा लैंससासको अवस्था सुधार र भावि नीति तथा कार्यक्रमहरु अबलम्बन गर्नको लागि लैंससास कार्ययोजना तयार गरिएको थियो ।

### २.४. लैंससास परीक्षणमा उपस्थित सहभागीहरुः

मनहरी गाउँपालिकाको लैंससास परीक्षण प्रक्रिया, कार्यशाला, लक्षित समूह छलफल र मुख्य सूचकहरुसँगको अन्तर्वार्तामा निम्नानुसार जम्मा ४१ ( महिला १५ जना पुरुष २६ जना) जना सहभागीहरुको उपस्थिति रहेको थियो ।

**सहभागीहरु**

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत

विभिन्न वडाका वडा अध्यक्षहरु

कार्यपालिकाका महिला सहितका सदस्यहरु

विषयगत शाखाका प्रमुखहरु,

गाउँपालिकाका महिला सहितका अन्य कर्मचारीहरु

**लैंससास परीक्षणको सहभागीहरु विवरण**

| सहभागीहरु | बाहुन/क्षेत्री | जनजाति | मधेशी | दलित | मुस्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | ९ | ५ | ० | १ | ० | ० | १५ |
| पुरुष | १९ | ३ | ३ | १ | ० | ० | २६ |
| **जम्मा** | **२८** | **८** | **३** | **२** | **०** | **०** | **४१** |

### *२.५. लैंससास परीक्षणका सूचकहरु उपसूचकहरु र अंकभारको व्यवस्था*

लैंससास परीक्षणका प्रमुख ५वटा क्षेत्रहरु भित्र विभिन्न २२ वटा सहायक क्षेत्रहरु राखिएका छन । ती सहायक क्षेत्रहरुलाई प्रष्ट बनाउनका लागि प्रत्येक सहायक क्षेत्रहरुमा सुचकहरु राखिएका छन । समग्रमा यस परीक्षणमा १०० वटा सुचकहरुको उपयोग गरिएको छ । प्रत्येक सुचकको पूर्णाङ्ख १ रहेको छ र जसमा ० – १ सम्मको अंकभार दिन सकिने व्यवस्था गरेको छ । ती उपशीर्षकहरुको प्रष्टयाईको लागि प्रत्येकमा व्याख्यान गरीएका छन । ती व्याख्यानको आधारमा अंक दिएर लैंससास परीक्षण गरिएको छ । अंक भार दिने तरिका यस प्रकार अपनाइएको थियो ।

- यदि अवस्थाको विवरणमा राम्रो भएमा अंक १
- यदि अवस्थको विवरणमा मध्यम भएमा अंक ०.५
- यदि अवस्थाको विवरणमा सुधार गर्नु पर्ने देखिएमा वा सो व्याख्यान अनुसार हुदै नभएमा अंक ०

**लैंससास परीक्षणका मुख्य तथा सहायक उपक्षेत्रहरुको अंकभार निम्न वमोजिम छः**

| **क. स.** | **मुख्य तथा सहायक विषय क्षेत्रहरु** | **सूचकका अंकभार** | **उपसूचकका अंकभार** |
|---|---|---|---|
| १. | नीति, कानुन, योजना | २० | |
| **१.१.** | नीति, कानुन, योजनामा समावेशी सहभागिता | | **८** |
| **१.२.** | योजना तर्जुमा तथा कार्यान्वयन | | **८** |
| **१.३.** | बजेट तर्जुमा तथा कार्यान्वयन | | **४** |
| **२** | **संस्थागत व्यवस्था** | **२०** | |
| **२.१** | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | | **४** |

| | | | |
|---|---|---|---|
| २.२ | कार्यप्रणाली समावेशी | | ४ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | ४ |
| २.४ | वित्त व्यवस्थापन प्रणालिमा समावेशिता | | ४ |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | | ४ |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | २० | |
| ३.१. | मानव संसाधन तथा क्षमता विकास | | ८ |
| ३.२. | अनौपचारिक मुल्य, मान्यता र कुसस्कार विरुद्ध जनचेतना | | ४ |
| ३.३. | कानुनी साक्षरता | | ४ |
| ३.४. | विपद व्यवस्थापनमा समावेशिता | | ४ |
| ४ | **सेवा प्रवाह** | २० | |
| ४.१. | पूर्वाधार विकास | | ४ |
| ४.२. | प्रजनन स्वास्थ्य | | ४ |
| ४.३ | शिक्षा कार्यक्रम | | ४ |
| ४.४ | खानेपानी तथा सरसफाइ | | ४ |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | | ४ |
| ५ | **सुशासन तथा उत्तरदायीत्व** | २० | |
| ५.१. | सुशासन | | ४ |
| ५.२. | उत्तरदायित्व र जवाफदेहिता | | ४ |
| ५.३ | सुचना तथा संचार | | ४ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | | ४ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | | ४ |
| | **जम्मा** | १०० | १०० |

# भाग ३

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणवाट प्राप्त नतिजा तथा विश्लेषण

### ३.१. मनहरी गाउँपालिकाको लैंससास परिक्षणवाट प्राप्त अंकभार

मनहरी गाउँपालिकाको लैंससास परिक्षण गर्दा दिग्दर्शनमा उल्लेख गरिए अनुसार प्रमुख क्षेत्रहरु र सहायक क्षेत्रहरु तथा सुचकहरुको व्याख्यानको आधारमा अंक दिइ लैंससास परिक्षण गरिएको थियो जसको प्राप्त अंक निम्न बमोजिम छ ।

| क .स. | क्षेत्रहरु/सहायक क्षेत्रहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | नीति, कानून योजना | २० | १८ |
| २. | संस्थागत व्यवस्था | २० | १५ |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० | १५ |
| ४. | सेवा प्रवाह | २० | १५ |
| ५. | सुशासन र उत्तरदायित्व | २० | १६ |
| **कुल जम्मा** | | **१००** | **७९** |


यस मनहरी गाँउपालिकाको लैंससास परिक्षणका मुख्य विषयहरुको आधारमा प्राप्त भएको अंकहरुको अनुसार विश्लेषण गर्दा सबै मुख्य क्षेत्रहरुमा सामान्यतया १५ देखि १८ अंक भित्र ( ७५ देखि ९० प्रतिशतको आसपास) को अवस्था रहेको पाईयो । **स्थानीय तहका लागि लैंससास परीक्षण दिग्दर्शन २०७८** मा उल्लेख भए अनुसार यस गाँउपालिकाको लैंससास को अवस्था कुल **१०० पुर्णांकमा ७९ प्राप्तांक प्राप्त गरि 'उत्तम' श्रेणीमा** परेको देखिन्छ । यस अर्थमा गाँउपालिकाले अवलम्बन गरेका नीति, योजना, लगायत, संस्थागत व्यवस्थाहरु मानव संशाधन तथा क्षमता विकासका अवस्थाहरु लगायत सेवा प्रवाह र शुसासनहरुको यावत व्यवस्थाहरुको कार्यान्वियन तथा व्यवहारीक पक्षहरुको अध्ययन र अवस्था विश्लेषण हेर्दा केही सहायक क्षेत्रहरुका नीतिगत, व्यवस्थापकीय तथा कार्यान्वयन स्तरमा पनि सुधार गर्नु पर्ने अवस्था देखिन्छ । त्यस कारण यस पालिकाको स्तर हेर्दा 'सर्वोत्तम' श्रेणीमा पुग्नको लागि गाँउपालिकाले थप प्रयास गर्नु पर्ने देखिन्छ भने 'सर्वोत्तम' श्रेणीमा पुग्नको लागि अझै महत्वपुर्ण प्रयासहरु गर्नु पर्दछ र आगामी कार्यक्रम तथा योजनाहरु लाई प्राथामिकतामा राखेर योजना बनाउनु पर्ने हुन्छ ।

**लैंससास परिक्षणवाट आएको अंकको विवरण यस प्रकारका छन:**

| क .स. | क्षेत्रहरु/सहायक क्षेत्रहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति, कानून योजना** | **२०** | **१८** |
| १ | नीति, कानूनमा समावेशीकरण योजना | ८ | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ७ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३ |
| **ख** | **संस्थागत व्यवस्था** | **२०** | **१५** |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | ४ |
| ३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ |
| ५ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | ३ |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **१५** |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ५.५ |
| २ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २.५ |
| ३ | कानूनी साक्षरता | ४ | ४ |
| ४ | विपद् व्यवस्थापमा समावेशीता | ४ | ३ |
| **घ** | **सेवा प्रवाह** | **२०** | **१५** |
| १ | पूर्वाधार विकास | ४ | ३.५ |
| २ | प्रजनन् स्वास्थ्य | ४ | ३.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ३ |
| ४ | खानेपानी तथा सरसफाइ | ४ | ३ |
| ५ | स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन | ४ | २ |
| **ङ** | **सुशासन र उत्तरदायित्व** | **२०** | **१६** |
| १ | सुशासन | ४ | ३.५ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| ३ | सूचना तथा संचार | ४ | २.५ |
| ४ | अनुगमन तथा मूल्यांकन | ४ | ३ |
| ५ | समवन्वय र सम्बन्ध बिस्तार | ४ | ३.५ |
| **कुल जम्मा** | | **१००** | **७९** |


**३.२.लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नतिजाको माकुरोको जालो**

तालिका १:मुख्य क्षेत्रहरु अनुसारको माकुरेजालो





उल्लेखित माकुरेजालोको माध्यमवाट मनहरी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था विश्लेषण गर्दासमग्र अवस्था ७९ प्रतिशत रहेको छ र यसलाई **'स्थानीय तहका लागि लैंससास परीक्षण दिग्दर्शन, २०७८'** को परिभाषा अनुसार स्तरीकृत गर्दा '**उत्तम**' श्रेणीमा स्तरीकरण गर्न सकिन्छ। यस अर्थमा यस गाउपालिकाको मुख्य विषयगत क्षेत्रहरु तथा सहायक विषयगत क्षेत्रहरु र सुचकहरु तुलनात्मक रुपमा सामान्य रहेको छ । यस परीक्षणको समूहकार्यबाट प्राप्त भएका सुचकहरुको प्राप्तांक अनुसार मुख्य क्षेत्रहरुको अंक अधिकतम १८ र न्युनतम १५ रहेकोले औषतमा कुल अंकको दुई तिहाई अंक भन्दा थोरै वेशी प्राप्त भएको पाईन्छ। यस माकुरोजालो अनुसार विश्लेषण गर्दा संस्थागत विकास, मानव संसाधन तथा सेवा प्रवाह लगायत दुई वटा मुख्य विषयहरु उत्तम रहेको पाइयो ।

**तालिका २ : सहायक विषय (क्षेत्र) हरु अनुसार को माकुरेजालो**




सहायक क्षेत्रहको अवस्था लाई विश्लेषण गर्दानीति तथा कानुनमा समावेशीकरण योजना, योजना तर्जुमा तथा कार्यान्वयन, कार्य प्रणाली समावेशी, कानुनी साक्षरता, पूर्वाधार विकास, प्रजनन स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई, सुशासन, उत्तरदायित्व र जवाफदेहीता र समन्वय र सम्वन्ध विस्तार जस्ता सहायक क्षेत्र अन्य भन्दा राम्रो रहेको पाईयो ।अन्य सहायक क्षेत्रहरुमा मानव संसाधन तथा क्षमता विकास,स्वरोजगार, आयआर्जन र वजार व्यवस्थापन क्षेत्रहरु कमजोर रहेको पाइयो । त्यस्तै अन्य धेरैजसो सहायक क्षेत्रहरु भने औषत अंक सहित उत्तम नै रहेका छन यद्यपि आगामी दिनहरुमा यीनीहरुको अवस्था यथावत वा सुधारको लागि भने योजना सहित ध्यानाकर्षण गर्नु पर्ने हुन्छ । यसकारण यस्ता कमजोर सुचकहरुलाइ तुरुन्तै सम्बोधन गरि कार्ययोजना सहित अघि बढ्नु पर्ने देखियो । कार्यक्रमले कार्ययोजना निर्माण गर्दा यस्ता सुचकहरुलाई पनि सम्बोधन गरि कार्ययोजना निर्माण गरेको छ ।

**तालिका नं. ३ लैंससास परीक्षण प्रमुख क्षेत्रको नतिजा स्तम्भचित्र**




स्तम्भ चित्रमा उल्लेख गरेअनुसार यस मनहरी गाउँपालिकाको मुल विषयहरुको समग्र तथा एकल प्राप्तांक विश्लेषण गर्दा ५ वटा मुख्य विषयहरुको अवस्था सर्वोत्तम तथा उत्तम रहेको छ । ३ मुल विषयहरु सरदरमा औषत अवस्था भन्दा राम्रो अवस्थाका रहेकोले भविष्यमा अझ राम्रो बनाउने वा कायम राख्ने रणनीति लिनु पर्दछ ।

**तालिका नं. ४ लैंससास परीक्षण सहायक क्षेत्रको अवस्था नतिजा स्तम्भचित्र**




प्रस्तुत प्राप्तांकहरुको तथ्याङ्कलाई दृष्टिगत गर्दा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका हिसाबले यस गाउँपालिकाको राम्रा पक्ष हरुलाई यथावत राख्दै समग्र पक्षहरुलाई सुधार गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकाको समग्र प्राप्तांक ७९ प्रतिशत रहेको अवस्था भएता पनि केहि सहायक क्षेत्रहरुमा सुधार तथा सुचकहरुमा अझै प्राथामिकताका साथ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सहभागिता बढाउनु पर्दछ । यस गाउँपालिकामा नीति तथा योजना, कानुन र कार्यविधिहरु निर्माण भई सकेको, केहि बन्दै गरेको र कार्यान्वयनमा रहेता पनि सबै दस्तावेजहरु तयार गरि यथाशिघ्र कार्यान्वयनमा ल्याउनु पर्दछ । सम्बन्धित नीति नियम कानून निर्माण गरि कार्यान्वयन गरेमा गाउँपालिकाले प्रदान गर्ने सेवाहरु तथा त्यसको लागि आवश्यक संस्थागत व्यवस्था, मानव संशाधन र उनीहरुको लागि आवश्यक क्षमता विकास गरि उच्च स्तरको सेवाप्रवाह प्रदान गरि आम जनमानसमा सुशासन तथा उतरदायित्व प्रदान गर्न सकिन्छ ।

## ३.४. लैंससास परीक्षण पश्चात गाउँपालिकाका लैंससासका मुख्य उपलब्धीहरु (Findings)

संक्षेपमा मनहरी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका उपलब्धीहरुलाई मुख्य विषयगत क्षेत्र अनुसारका सुचकहरुको आधारमा प्रस्तुत गर्न खोजिएको छ

## १. नीति, कानुन र योजना

यस गाउँपालिकामा लैंससास को क्षेत्रमा नीतिगत, कानुनी तथा योजनागत रुपमा विभिन्न स्थानीय कानुन, आवधिक योजना तथा वार्षिक योजनाहरु निर्माण भएका छन् । दस्तावेजहरु निर्माण गर्ने क्रममा लैंगिक, समावेशी, प्रतिनिधिमुलक तथा सबै वर्ग क्षेत्र, लिंग तथा जनसमुदायको सहभागिता र सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने प्रयासहरु गरिएका छन् ।

- नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैंससासका दृष्टिले उपयुक्त भए नभएको बारेमा लेखाजोखा गर्ने गरेको ।
- नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी विषयहरु ( स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) समावेश गरिएको ।
- महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र  सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी  बनाउने क्रममा रहेको  ।
- महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको । औपचारीक काममा भने विभेद नभएको ।
- योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपुर्ति गर्ने विषयमा छलफल हुने गरेको पाइयो ।
- गाउँपालिकाको योजनाहरु महिला, बालबालिका बञ्चितिकरणमा परेको समूहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनाईको छ ।
- बजेट तथा कायक्रम तर्जुमा गर्नुभन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाती, पिछडावर्ग, दलित लगायत सबै समूहहरुसंग बसेर समस्याहरु केलाउने विश्लेषण गर्ने गरेको ।

## २. संस्थागत व्यवस्था

यस गाउँपालिकामा गठन गरिने विभिन्न समिति, उपसमिति, कार्यदलहरु, वित्त व्यवस्थापन, तथ्यांक संकलन लगाएतमा  समावेशीकरण गर्ने हेतुले संस्थागत प्रयास गरि केहि उपलब्धि गरेको पाईयो ।

- स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाष, संस्कृति र रहनसहन बुझ्केको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको ।
- स्थानीय कर्मचारीहरुको छनौट गर्दा क्षमता अनुसार समानुपातिक र समावेशी प्रतिनिधित्व हुन सक्ने गरि व्यवस्था गरिएको ।
- योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य वञ्चितिकरणमा परेको समुदायको  सहभागिता भएको ।
- गाउँपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको सामान र समावेशी प्रतिनिधित्व हुने गरेको र साथै नीतिगत र कार्यगत सुझाव दिने गरेको ।
- गाउँपालिकाले पार्श्वचित्रमा आधारति खण्डिकृत तथ्यांक र सुचनालाइ अधार मानी स्थानीय विकास योजना तर्जुमा पनि गर्ने गरेको छ ।
- साथै गाउँपालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरु र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथ्यांक अद्यावधिक गर्ने गरेको ।

## ३. मानव संसाधन तथा क्षमता विकास

मनहरी गाउँपालिकाले मानव संशाधन तथा क्षमता विकासको सन्दर्भमा पनि केहि मुख्य उपलब्धीहरु प्राप्त गरेको छ । यस मुख्य विषयलाई हेर्दा कार्यपालिकामा जनप्रतिनिधि वा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासलाई लैंससासको दृष्टिकोणले खास महत्व दिएको छ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुले लैंगिक समानता तथा समावेशी विकास, लैंगिक हिंसा सम्बन्धी सचेत भएका छन । साथै यस्ता कार्यक्रममा बञ्चितिकरणमा परेका समूह तथा अन्य महिला र पुरुषको समान सहभागिता तथा उपस्थिति सुनिश्चित गरिएको थियो ।
- महिलाविरुद्ध हुने सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरि कार्यक्रम समयमा सम्पन्न गरेको छ ।
- समाजमा रहको विभिन्न कु-संस्कार तथा कुरिति हटाउन कार्यक्रमहरु सञ्चालन गरेको  छ ।

- विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निणर्य गर्ने गरेको ।

## ४. सेवा प्रवाह

यस गाउँपालिकाको सेवा प्रवाह अन्तरगतका विषयवस्तुहरु लाई राज्यले व्यवस्था गरेका लैंगिक समानता तथा सामाजिक समावेशीताका आम प्रावधानहरुलाई लागु गर्ने प्रयास गरेको छ ।

- परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी कार्यक्रमहरू संचालन गरिएका छन् ।
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको ।
- विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौन शिक्षातथा सहजीकरण कार्यक्रम संचालन हुने गरेको ।
- आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री उपलब्ध गराउन निश्पक्ष वितरण हुने प्रवन्ध मिलाएको ।
- यस गाउँपालिकाले यहाँको भूगोल तथा प्राकृतिक श्रोतको उपलब्धता अनुसारको सफा पिउने पानीको व्यवस्था गरेको छ जसले गर्दा महिलाहरु समेतलाई पिउने पानीको उपलब्धताको लागि सहज वातावरण बनेको छ ।
- विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरेको।

## ५. सुशासन तथा उत्तरदायित्व

यस गाउँपालिकाले पनि शासन व्यवस्थालाई बढिभन्दा वढि जनमुखी, जनमैत्री तथा जनता केन्द्रित बनाउन यहाँवाट प्रवाह गरिने सेवाहरु तथा र स्वयं पालिकालाई सुशासन तथा उत्तरदायी बनाउने प्रयासहरु गरिरहेको देखिन्छ ।

- स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गरिन्छ ।

- स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याएको ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीरण कार्यक्रममा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति हुने गरेको ।
- यस पालिकाले सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सुचना सार्वजनिक कार्यक्रममा बञ्चितिकरणमा परेका समुदायको तर्फबाट कार्यक्रम र सरकारले लिएको नीति तथा कार्यान्वयनको बारेमा आवाज उठ्ने गरेको ।
- नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनीक गर्ने र सबै सरोकारवालाहरुले जानकारी पाउने गरी सुसुचित गर्ने गरेको पाईयो ।
- स्थानीय भाषामा सुचनाहरु प्रवाह गर्ने गरेको ।
- गाउँ पालिकाको समिक्षा वैठकमा महिला, बालबालिका सबै समुदायका व्यक्तिहरुसंग छलफल गर्ने गरेको छ ।
- अनुगमन तथा मुल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम तथा योजना तर्जुमाको बेला समावेश गरिन्छ ।
- संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको पाइयो ।

## भाग ४

## सबल पक्ष, सुधार गर्नुपर्ने पक्षहरु तथा  अवसर र चुनौति

यस गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा सहभागिहरुको तर्फबाट समूहकार्यमा छलफल मार्फत आएका विचारहरु, अन्तरक्रिया वाट प्राप्त निष्कर्ष तथा पालिकाको उपलब्ध योजना, रणनीति तथा दस्तावेजहरुको आधारमा हेर्दा निम्नासारको सबल पक्षहरु, सुधार गर्नुपर्ने पक्षहरु, अवसहरु र चुनौतिहरु रहेको पाईयो ।

| क.सं. | सबल पक्षहरु (Strenths) | सुधार गर्नुपर्ने पक्षहरु (Weakness) | अवसरहरु (Opportunities) | चुनौतिहरु (Threats) |
|---|---|---|---|---|
| १. | **नीति, कानुन, योजना** | | | |
| | • नीति, आवधिक तथा वार्षिक योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी सम्बन्धी विषयहरु समावेश भएको ।<br>• कार्यान्वयनमा ल्यायका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेको समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न प्रयाप्त व्यवस्था गरिएको छ ।<br>• संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा हिंसा र | • नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैंससासको दृष्टिले सम्पादन गर्नु पर्ने<br>• दस्तावेजहरुको समिक्षा गर्दा लैंससास को दृष्टिकोणले सहभागितामुलक हुनुपर्ने ।<br>• महिला र पुरुषको श्रमको ज्याला बीचको असमानता हटाउने प्रष्ट कार्यनीति तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने।<br>• प्रत्येक आ.व.मा लैंससास परीक्षण हुनु पर्ने । सो परीक्षणको लागि बजेटको | • लैंससाससम्बन्धी सम्बोधन गर्ने प्रयास लागु हुने ।<br>• गाउपालिकाको कानुन नीति, तथा योजनाहरु लैंससास मुखी बन्ने र समानता र समावेशी सुनिश्चित हुने ।<br>• लैंससास नीति, कार्ययोजनाहरु समेत निर्माण हुने र लागु हुने ।<br>• यस गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति प्रतिबद्ध रहेकोले दिर्घकालिन नीति, | • आफ्नै आयश्रोत तथा राजश्वका क्षेत्रहरु कम रहेको र गाउ पालिकामा बजेट विनियोजन लैससासको लागि अपुग हुने ।<br>• समुदाय, वस्ती र खासगरि परम्परागत सामाजिक रितिरिवाज परम्परा, मुल्यमान्यता मा चल्ने सामाजिक संरचनाको सोच हावी भएको पाइन्छ । नविन तथा आधुनिक चेतनामा कमि रहेको पाइन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाएको र कार्यान्वयन पनि भएको छ ।<br>• योजना पहिचान छनौट कार्यक्रममा लक्षित समूहको सहभागिता हुने गरेको र उक्त योजनाहरु प्राथमिकतामा पर्ने गरेको छ ।<br>• योजना पहिचान र छनौट कार्यक्रममा लक्षित समूहको प्राथमिकतामा पर्ने गरेको छ ।<br>• योजना तर्जुमाका चरणमा महिला तथा लक्षित समूहको व्यवहारीक र रणनीतिक आवश्यकता पहिचान गर्ने गरेको<br>• महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको ।<br>• योजनाहरुमहिला, बालबालिका बञ्चितिकरणमापरेको समूहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनाईको छ ।<br>• बजेट तथा कार्यक्रम तर्जुमा गर्नुभन्दाअघि महिला, बालबालिका, अपांग, जनजाती, दलित लगायत सबै समूहहरुसंग बसेर समस्याहरु विश्लेषण गर्ने गरेको<br>• लैंससास रणनितिकार्यान्वयनमा छ । | विनियोजन गरि कार्य सम्पन्न पश्चात प्रष्ट कार्ययोजना तयार गरि कार्यान्वयन गर्नु पर्ने ।<br>• हरेक नीति, कानून तथा योजना तर्जुमा गर्दा लैंससास विश्लेषण गरिनुपर्ने ।<br>• दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरिनुपर्ने ।<br>• नीति, कानुन, योजना तथा अन्य दस्तावेजहरु र कार्यक्रमहरु समावेशी भए नभएको निरिक्षण र अनुगमन गरि प्रतिवेदन तयार गरिनु पर्ने ।<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष लक्षित समूहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरि सो अनुसारको बजेट विनियोजन गर्नु पर्ने ।<br>• उपभोक्ता समितिहरुमा प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरुको सहभागिता गराउने र कार्यकारी वा मुख्य पद तथा पदाधिकारीमा महिला लाई जिम्मेवारी प्रदान गर्ने ।<br>• लैंगिक उत्तरदायी तथा सामाजीक समावेशी बजेट निर्माण एवं परीक्षण गर्न बजेटको व्यवस्था गर्नु पर्ने | कानुन,योजना बनाएर कार्यान्वयन गर्न सकिने अवस्था ।<br>• गाउँपालिकाको लैंससासको क्षेत्रमा देखिएका सबल पक्षहरु कार्यान्वयनमा गइरहेको र कार्यान्वयन हुने सम्भावना रहेको ।<br>• लैंससास परीक्षण पश्चात पनि धेरै नीति, कानुन, कार्यविधि, निर्देशिका निमार्णमा गाउँपालिका प्रतिवद्ध रहेको र त्यहि अनुरुप कार्य गर्न थालनी हुने ।<br>• लैससासको क्षेत्रमा नीति, कानून, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरि लैंससास सुचचांक लाई सुधार गर्न सकिने अवस्था रहेको ।<br>• गाउँपालिकाको लैंससास सम्बन्धि सकमरात्मक धारणा रहेको | • दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरि सोही अनुसारका योजना तयार गरि वजेट विनियोजन सहित कार्यान्वयन गर्न चुनौतिपुर्ण रहेको ।<br>• सानो जनसंख्या तर ठुलो भुगोल भएकोले गाउँपालिकामा धेरैजसो नीति, कानुन र योजना बनाउनु पर्ने भएकोले विज्ञहरु आवश्यक पर्ने, सिमित आर्थिक श्रोत र बजेटको परिचालन गर्नु पर्ने भएकोले एकै आर्थिक वर्षमा यावत नीति निर्माण गर्न चुनौती रहेको छ । |

| २. | संस्थागत व्यवस्था | | | |
|---|---|---|---|---|
| | • महिला तथा विशेष समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन-सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली मार्फत दिएको<br>• जनप्रतिनिधिहरू तथा कर्मचारहिरूलाई क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सकारात्मक विभेदको नीति लिएको ।<br>• समिति उपसमितिमा महिला र बञ्चीतीकरणमा परेको समुदायको प्रतिनिधित्व रहेको छ र निर्णय प्रकृयामा भाग लिने गरेका छन ।<br>• पञ्जिकरणको अभिलेख र तथ्याङ्क नियमित रुपमा अद्यावधिक हुने गरेको ।<br>• समुदायस्तरका आधारभुत सुचना । तथ्यांक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरि छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको । | • निर्णायक तहमा महिलाहरूको समान प्रतिनिधित्व गराउनमा पहल गर्नुपर्ने।<br>• कर्मचारहिरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने रणनीति लिइनु पर्ने<br>• कार्यालयमा हुने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाइ लागु गर्नु पर्ने।<br>• गाउँपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूको अर्थपुर्ण सहभागिता हुनसक्ने वातावरण वनाउनु पर्ने<br>• महिला हिंसा रोकथाम र संबोधनका लागि छुट्टै कोषको स्थापना गर्नु पर्ने<br>• बेरोजगार तथा गरिबको पहिचान गरि नक्साङ्कन गर्नुपर्ने । | • गाउँपालिकामा गठन हुने विभिन्न समिति, उपसमिति, उपभोक्ता समितिहरु, व्यवस्थापन समितिहरुमा लैससास मैत्री हुने अवसर रहेको छ ।<br>• कार्यक्रम तथा योजना अनुगमनमा सबैको समावेशीता हुने भएकोले लैंससास मैत्री कार्यक्रम हुने ।<br>• गाउँपालिकामा लैंससास विकास समिति वा कार्यान्वयन समितिको गठन हुने तथा यस समितिले कार्यप्रणलीमा समावेशीता तथा तथ्यांक संकलत र व्यवस्थापनमा उपलब्धी हाँसील गर्ने सम्भावना रहेको छ ।<br>• लैंससासको संस्थागत व्यवस्था सुदृढ हुन सक्ने सम्भावना छ । | • बञ्चितिकरणमा परेको समुदाय, वर्ग, र लिङ्गको चेतनास्तरमा अभिबृद्धि नभएसम्म लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्ने कार्य चुनौतिपुर्ण रहेको ।<br>• विभिन्न समिति उपसमिति, संरचनात्मक व्यवस्थाहरु को प्रावधान गरेर गठन गरिएता पनि औपचारीकतामा मात्रै सिमित हुने गरेको<br>• कर्मचारी तथा पदाधिकारीहरुको समावेशीताको लागि गरिएका प्रावधानहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्न कठिनाई ।<br>• गाउँपालिकामा विभिन्न समितिहरु, गठन गरिनु पर्ने, विषयगत शाखा खडा गर्नुपर्ने र सेवा प्रवाह गर्नु पर्दा ठुलो बजेट र मानव संशाधनको व्यवस्थापन गर्न आफैमा सहज नभएको ।<br>• भौतिक निर्माणको कार्यलाई बढि महत्व दिने गरेको देखिन्छ जुन लैंससासको संस्थागत व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | | सुदृढको लागि चुनौतीपुर्ण रहेको देखियो । |
| ३. | **मानव संसाधन तथा क्षमता विकास** | | | |
| | • पदाधिकारी र कर्मचारीहरुले लैंगिक तथा समावेशी विकास, लैंगिक हिंसा सम्बन्धी तालिम लिएका छन । साथै यस्ता कार्यक्रममा बञ्चितिकरणमा परेका समूह तथा अन्य महिला र पुरुषको समान सहभागिता तथा उपस्थिति सुनिश्चित गरिएको ।<br>• समाजमा रहको विभिन्न कु-संस्कार तथा कुरिति हटाउन कार्यक्रमहरु सञ्चालन गरेको छ ।<br>• महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन भई कार्यक्रमहरु सञ्चालन भइरहेको<br>• विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित बर्ग तथा समुदायको प्रत्यक्ष सहभागितामा निर्णय हुने गरेको ।<br>• महिला लक्षित क्षमता अभिवृद्धिका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको । | • लैङ्गिक तथा समावेशीविकासको लागिक्षमताविकास कार्ययोजनातयार गरि बजेट विनियोजन गर्नुपर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन सक्ने मानवीय श्रोत निर्माण गर्ने ।<br>• महिला र बञ्चितिकरणमा परेको सामुदायको लागिलोक सेवा आयोग पूर्ण तयारी कक्षा सञ्चालन कार्यक्रम राख्नु पर्ने ।<br>• महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाउनु पर्ने।<br>• बेइजिङ घोषणा पत्रको वारेमा निर्वाचित जनप्रतिधि तथा कर्मचारीलाईअभिमुखिकरण गर्नुपर्ने ।<br>• कानूनी शिक्षा सम्बन्धी जनप्रतिधि तथा कर्मचारीलाई अभिमुखिकरण गर्नु पर्ने ।<br>• विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्स गर्न पर्ने । | • कर्मचारी तथा पदाधीकारीहरुको क्षमता विकासमा काम गरिरहेकोले महिला दक्षजनशक्तिको स्थापित हुने अवसर रहेको छ ।<br>• आगामी दिनमा महिला तथा बञ्चितिकरणमा परेका जनताले लोकसेवा आयोगका परिक्षाहरुमा प्रतिष्पर्धा गरि दक्ष कर्मचारीको रुपमा उत्पादन हुने ।<br>• महिला विरुद्ध हुने सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन हुने र कार्यान्वयन हुने अवसर रहेको ।<br>• जनप्रतिनिधि, कर्मचारीहरुले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, मुलुकि संहिताहरु, विषयगत कानुनहरु, पालिकाबाट जारी गरिएका | • मानव संसाधनको रुपमा तथा क्षमता अभिवृद्धि गर्न दिर्घकालिन कार्यनीति निर्माण गर्न र कार्यान्वयन गर्न कठिनाई ।<br>• गाउँपालिको विविध क्षेत्रहरुमा कार्यक्रम सञ्चालनको लागि स्थानीय आर्थिक श्रोतहरुको कमि हुनु जसले गर्दा दक्ष जनशक्ति परिचालन र उनीहरुको क्षमता विकासमा बाधा पुग्ने गरेको ।<br>• सामाजिक मुल्यमान्यता, रितिरिवाज, परम्परागत कतिपय जिवन पद्धति र पितृसत्तात्मक सोच प्रमुख चुनौती रहेको छन<br>• क्षमता विकास योजना बनाएर दिर्घकालीन रुपमा कर्मचारी व्यवस्थापन र क्षमता विकासको लागि सानो श्रोत भएका गाउँपालिकाको लागि व्यवहारीक हुदैन र पालिकाको आर्थिक क्षमताले नपुग्ने हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | कानुन तथा अन्य प्रचलित कानुनहरुको बारेमा अभिमुखीकरण हुने। | |
| ४. | **सेवा प्रवा** | | | |
| | ● परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका छन ।<br>● महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरि आधुनिक उर्जा को प्रयोग गर्न सकारात्मक वातावरण तथा प्रोत्साहन गरेको<br>● पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको ।<br>● विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरेको ।<br>● गर्भवती महिलाहरुलाई जोखिमयुक्त र खतरायुक्त काममा नलगाउने गरि | ● भवन, भौतिकपूर्वाधार तथाअन्य संरचनानिर्माणको लागि ड्रइङ, डिजाइन, लगायतअनुमानतयार गर्दा संरचनानिर्माण भएपछि महिला, बालबालिका, अपाङ्गताभएकाव्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री/संबेदनशील संरचनाको प्रावधान सहतिहुनु पर्ने ।<br>● स्वरोजगार लक्षित समूहको क्षमता विकासको कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>● गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक भवन निर्माण गर्दा भवन निर्माण संहिता अनुसार बाल मैत्री, अपाङ्ग मैत्री को लागि स्वीकृत दिने ।<br>● सार्वजनिक स्थलहरुमा बच्चालाई अलग्गै स्तनपान कक्षको व्यवस्थापन हुनुपर्ने । | ● गाउँपालिकाले दिने सेवा नै लैंगिक मैत्री, समानता, लगाएत सम्पुर्ण बञ्चितीकरणमा परेका समुदाय समेतलाई सम्बोधन हुने गरि व्यवस्था हुने सम्भावना रहेको छ ।<br>● महिलाहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी, स्वास्थ्य उपचार तथा सेवा सुविधा लिन सहज हुनेछ ।<br>● गाउँपालिकाले स्वास्थ्य विमा लाई व्यापक रुपमा लागु गरे पश्चात विपन्न बर्गहरूलाई सुलभ रूपमा स्वास्थ्य उपचार सेवा उपलब्ध हुने सम्भावना रहेको छ ।<br>● गाउँपालिका आँफैले नै सेवा प्रवाहालाई प्रभावकारी बनाउन उपलब्ध श्रोतहरुको परिचालन | ● सेवा प्रवाह लाई नीतिगत रुपमा व्यवस्थापन गर्न चुनौती पनि रहेको छ ।<br>● आर्थिक श्रोतको कमिले गर्दा सेवा प्रवाहमा प्रमुख चुनौतीको भएको ।<br>● स्वास्थ्य बिमा सञ्चालनमा विमा शिक्षाको आवश्यकता पनि मुख्य चुनौती हो ।<br>● लैंससास सम्वन्धि व्यवहारिक अभ्यास गर्न कठिन भएको र त्यसको कार्ययोजना कार्यान्वयन गर्न चुनौती ।<br>● विभिन्न सेवा तथा कार्यक्रमहरुका विचमा समन्वय र सहकार्यमा चुनौति रहेको ।<br>● गाउँपालिकाहरुले दिने सेवाहरु एकिकृत सेवा अन्तरगत पर्ने हुँदा समग्र एकिकृत सेवा उपलब्ध गराउन पनि व्यवहारीक रुपमा कठिन र चुनौतीपुर्ण छ । |

| | | | | |
|---|---|---|---|---|
| | प्रजनन् स्वास्थ्य समबन्धी नीति र कार्यक्रम समावेश गरेको । <br>● सफापिउने पानी, सफा सँग हातधुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था गरेको । | ● गाउँपालिकामा अनिवार्य रूपमा विपन्न घर परिवार लगायतका लक्षित समूहको स्वास्थ्य बिमा गर्नुपर्ने । <br>● पालिकाले आवश्यक सेवा प्रदान गर्दा लैंगिक, सामाजिक तथा समावेशीकरणको हिसाबले लक्षित वर्ग, क्षेत्र, समुदायलाई अझै समेट्नु पर्ने । <br>● प्रजनन स्वास्थ्य कार्यहरुमा लैंगिक समानता तथा पुरुष भुमिका पनि जानकारी गराउनु पर्ने । <br>● योजना तर्जुमा गर्दा बेरोजगारी तथा गरिबीको नक्शांकन गरेर कार्यक्रमहरु बजेट समावेश गर्नु पर्ने । <br>● गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्तिअनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्नु पर्ने <br>● अभिभावक शिक्षा, किशोरी कक्षाहरु, साथी शिक्षा आदि सञ्चालन गर्नु पर्ने । | तथा अनुगमन मूल्यांकन गर्न सकिने अवस्था । <br>● शिक्षाको सेवावाट सबै विद्यालय जाने उमेरका बालबालिका समेत विद्यालयमा भर्ना गराउने अवसर हुने छ । <br>● महिला तथा प्रजनन स्वास्थ्यको क्षेत्रका थप सेवाहरु विस्तार तथा पहुँच भई महिला मैत्री, सर्वसुलभ पहुँच हुनेछ । <br>● साथै खानेपानी सरसफाईको क्षेत्रमा पनि लैंससासको दृष्टिकोणले सेवाहरु विस्तार तथा सुदृढीकरण हुने अवसर मिल्नेछ । | ● साथै जनसंख्या कम र सेवाहरुको प्रकार अत्याधिक हुने हुनाले राज्यले प्राथमिकतामा परेका बाहेक सबै सेवाहरु व्यवस्थापकीय हिसाबले पनि उपलब्ध गराउन नसक्ने चुनौती रहेको छ । |
| **५.** | **सुशासन तथा उत्तरदायित्व** | | | |
| | ● सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी | ● बेइजिङ्ग घोषणा पत्रसम्बन्धि जनप्रतिधि तथा कर्मचारीलाई अभिमुखिकरण गर्नु पर्ने । | ● जनसंख्या र कार्यगत क्षेत्रहरु सिमित भएको हुनाले गाउँपालिका सुशासनको केन्द्रको रुपमा विकास हुन सक्ने । | ● लक्षित वर्गभित्रका पनि कमजोर वर्गले स्थानीय शासन प्रक्रियाका अवसरहरुबाट लाभ लिन सक्ने |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको ।<br>• विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याएको ।<br>• नियमति रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको ।<br>• गाउँपालिकामा गाउँ सभा र कार्यपालिकाको बैठकबाट निर्णय गरेर मात्र कार्यक्रमहरू कार्यान्वयन गरिने अभ्यास गरिन्छ जसले गर्दा पारदर्शिता र जवाफदेहितामा गाउँपालिका प्रष्टरुपमा दृढ रहेको छ।<br>• गाउँपालिकाले पारदर्शिताको लागि वार्षिक योजना तथा कार्यक्रमको बजेट सरोकारवालले थाहा पाउने गरि सार्वजनिक गरेको छ ।<br>• गाउँपालिकाले संघ र प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रमहरूको सञ्चालन प्रावधान अनुसार | • संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू सम्पन्न गर्नु पर्ने ।<br>• सार्वजनिक सुनुवाईतथा सार्वजनिक परीक्षणका औजारहरुको प्रयोग गरीसामाजिक जवाफदेहिता अभिबृद्धिगनुपर्ने<br>• लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यवस्थाहरुको बारेमा सबै गाउँपालिकाका पदाधिकारी कर्मचारी लाई जानकारी प्रवाह गर्नु पर्ने ।<br>• संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० हरू कार्यान्वयनको व्यवस्था गर्नु पर्ने<br>• नागरीक वडापत्र वनाएर स्पष्ट देखिने स्थानमा राख्ने ।<br>• स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।<br>• लैंससासका सरोकारवाला निकायहरुविचमा सञ्जाल बनी कार्यगत | • वार्षिक योजना तथा कार्यक्रम सो को बजेट सरोकारवालले थाहा पाउँदा अपनत्वको अनुभुति हुने ।<br>• संघ र प्रदेश सरकारले तय गरेको नीति कार्यान्वयनमा समन्वय हुने तथा अन्तर सरकार सम्बन्धहरु स्थापित हुने<br>• सुशासन, जवाफदेहिता, पारदर्शिता, उत्तरदायीत्व, भ्रष्टचारमुक्त समाजको विकास हुने ।<br>• लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरि लागु गरिन सक्ने अवस्था रहेको ।<br>• सुशासन तथा सामाजिक जवाफदेहिताका औजारहरुको नियमित प्रयोग गर्दै शासन प्रक्रियालाई अझ बढि समावेशी बनाउन सकिने ।<br>• बढि पारदर्शि तथा नागरिकको सेवाउन्मुख कार्यप्रणाली स्थापना गर्न सकिने ।<br>• जनप्रतिनिधी तथा कर्मचारीहरु आफ्नो जिम्मेवारीका साथसाथै लैंङ्गिक समानता तथा सामाजिक | अवसर सुनिश्चित गर्न चुनौती ।<br>• सुशासन तथा उत्तरदायित्व भन्ने विषय आफैमा वृहद र व्यापक छ । जसले गर्दा यो निरपेक्ष रुपमा प्राप्तहुन निकै कठिन छ ।<br>• लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यान्वयन पक्षहरु कमजोर रहेको ।<br>• सुसाशन कायम गर्न यसका अवयवहरुको पालना तथा छुट्टै अभ्यास पनि गर्नु पर्दछ । जसको अभ्यासको लागि श्रोत र साधन को आवश्यकता पर्ने हुनाले पनि जे जति क्रियाकलाप गरिन्छ औपचारीकतामा मात्रै सिमित रहेको पाइन्छ ।<br>• बजेटको (सीमितता) रहेकोले पुर्वाधार विकास कार्यक्रमको तुलनामा लैंससास प्रथामिकतामा नपर्ने ।<br>• लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धित प्रावधानहरुलाई सबै |

| | | | | |
|---|---|---|---|---|
| | कार्यान्वयनमा समन्वय र सहजिकरण गरेको छ ।<br>• सुशासन तथा शासन व्यवस्थामा समानता तथा समावेशीकरणको प्रत्याभुति हुनेगरि महिला तथा पिछडिएको वर्ग, समुदायको सहभागिताका साथै निर्णायक भूमिका रहेको ।<br>• हरेक आ.व. मा वार्षिक समिक्षा भई गाउँपालिका स्तरको वार्षिक प्रतिवेदन उपर छलफल हुने प्रकाशन तथा दस्तावेजीकरण गर्ने गरेको ।<br>• संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको पाइयो । | छलफल तथा विकासको लागि नियमित कार्य हुनु पर्ने । | समावेशीकरण प्रति प्रतिवद्ध रहेका ।<br>• सुशासन, उत्तरदायीत्वको लागि गाउँपालिकामा कानुन, ऐन, नियमावली, कार्यविधि निर्माण हुने भएकोले सुशासनको प्रत्याभुति हुने अवसररहेको।<br>• सुशासन र उत्तरदायित्व बारेमा प्रचार प्रसार र जनचेतना अभिबृद्धि भैरहेकोले पिछडीएको जनसमुदाय तथा लक्षित समूहहरुको सहभागितामुलक प्रतिनिधित्व हुने अवसर रहेको।<br>• महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदद्धारा पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन हुने । | कार्यक्रमहरुमा मुलप्रवाहीकरण गर्नमा कठिनाइ । |

## भाग ५

### ५.१. लैंङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्ययोजना

मनहरी गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने सन्दर्भमायस गाउँपालिकाकोसवल पक्ष तथा सुधार्नु पर्ने पक्षलाई विश्लेषण गर्दा प्राप्त भएको सुझाव ५ वटै क्षेत्रको आधारमा गाउँपालिकाले आगामि दिनमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दालाइ पुर्ण कार्यान्वयन गर्नको लागि यस गाउँपालिकामा सञ्चालन गरिएको लैंससास परीक्षणमा सहभागिहरुको समूहकार्यद्धारा निम्न बमोजिम कार्य योजना तयार पारिएको छ जुन निम्न बमोजिम प्रस्तुत गरिएको छ ।लैंससास परीक्षणका क्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, कर्मचारीहरु तथा परामर्शदाताहरु सहितको सक्रिय सहभागितामा व्यापक छलफल, समूह कार्य, मस्तिष्क मन्थन गरि प्रस्तुति र पृष्ठपोषण सहित यस कार्ययोजना लाई मुर्तरुप दिईएको छ । यस कार्ययोजनालाई समिक्षा गरि गाउँ कार्यपालिकाको सभावाट पारित गरि यस योजनालाई कार्यान्वयन गर्नु पर्दछ ।

**मनहरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशी बिकास कार्ययोजना**

| अवस्था सुधारका लागि आवश्यक कियाकलाप | कियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समायावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१. नीति,कानुन योजना** | | | | | | |
| १.१.२ नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैंससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका | आ.व. २०८० /८१ | | नपर्ने |
| १.१.४लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिको वारेमा सवैलाइ अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका | आ.व. २०८० /८१ | पर्ने | |
| १.२.२ गाउँपालिकाकोबजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा बजेटको छुट्याउने । | लैंससास समिति | कार्यपालिका | योजना शाखा | आ.व. २०८० /०८१ | | नपर्ने |
| १.२.५योजना तर्जुमा प्रकृयामा महिला र पुरुष एवं वञ्चितिकरणमा परेका समूहहरूलाइ योजना तर्जुमा प्रकृयामा सम्बन्धि अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | योजना शाखा | आ.व. २०८० /०८१ | पर्ने | |
| १.२.६ दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन तथा अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | योजनामहिला, वाल वालिका | आ.व. २०८० /०८१ | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथा जेष्ठ नागरीक शाखा | | | |
| १.३.२ विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण गर्नको लागि सो सम्बन्धि अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | योजना, आर्थिक, प्रशासन शाखा | आ.व. २०८० /०८१ | पर्ने | |
| १.३.३ यस गाउँपालिकामा लैंससास परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास गर्ने । | लैंससास समिति | कार्यपालिका | योजना शाखा | आ.व. २०८० /०८१ | पर्ने | |
| २.१.१ निर्णायक तहमा (कर्मचारी । पदाधिकारी) महिलाहरूको समान रूपमा (५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्नको लागि सबैलाइ उत्तरदायि वनाउने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका | आ.व. २०८० /०८१ | | नपर्ने |
| २.२.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गर्ने । | लैंससास समिति | कार्यपालिका | प्रशासन शाखा | आ.व. २०८० /०८१ | | नपर्ने |
| २.२.३ कार्यक्षेत्रमा हुने लैङ्गिक हिंसा, यौनजन्य हिंसा रोकथाम तथा नियन्त्रणकालागि आचारसंहिता बनाउने । | लैंससास समिति | कार्यपालिका | महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ.व. २०८० /०८१ | | नपर्ने |
| २.३.२ समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूको अर्थपुर्ण सहभागिताको लागि क्षमता अभिवृद्धि गर्ने । | लैंससास समिति | कार्यपालिका | सामाजिक विकास शाखा | असार मसान्त सम्म २०८० | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.४.१लैंङ्गिक हिँसा बिरुद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि छुट्टै कोष स्थापना गर्ने । | लैंससास समिति | कार्यपालिका | महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| २.४.४ समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था र अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | आर्थिक प्रशासन र योजना शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| २.५.१ खण्डिकृत सूचना । तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने । | लैंससास समिति | कार्यपालिका | योजना शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| ३.१.१ लैंङ्गिक समानता तथा समावेशीविकासको लागिक्षमताविकास कार्ययोजना तयार गर्ने र अभिमुखिकरण गर्ने । | लैंससास समिति | कार्यपालिका | प्रशासन शाखा, योजना शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| ३.१.७ महिला तथा बञ्चितिकरणमा परेका समुदाय वा व्यक्ति, अपाङ्गता भएका व्यक्ति लक्षित गरी लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने । | लैंससास समिति | कार्यपालिका | प्रशासन शाखा, योजना शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| ३.१.८ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि बेइजिङ्ग घोषणापत्र, दिगो विकास लक्ष्य र CEDAW, सम्बन्धि तालिम संचालन गर्ने । | लैंससास समिति | कार्यपालिका | महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ३.३.१ महिला तथा निर्वाचित जनप्रतिनिधिहरू र गाउँपालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, मुलुकी | लैंससास समिति | कार्यपालिका | महिला, वाल वालिका तथा | आ व २०८० ।०८१ | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरूको बारेमा अभिमुखीकरण गर्ने । | | | जेष्ठ नागरीक शाखा | | | |
| ३.३.३ महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित गर्ने । | लैंससास समिति | कार्यपालिका | सामाजिक विकास शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ३.४.१. विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श गरी सो सम्बन्धि सचेत गर्ने। | लैंससास समिति | कार्यपालिका | विपद व्यवस्थापन शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ३.४.२ विपद सम्बन्धीतथ्याङ्क संकलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने । | लैंससास समिति | कार्यपालिका | विपद व्यवस्थापन शाखा, योजना | आ व २०८० ।०८१ | पर्ने | |
| ४.१.१ भवन, भौतिकपूर्वाधार तथाअन्य संरचनानिर्माणको लागि ड्रइङ, डिजाइनलाइ महिला, बालबालिका, अपाङ्गता मैत्री वनाउने । | लैंससास समिति | कार्यपालिका | भौतिक पुर्वाधार शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ४.२.१ गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण गर्ने | लैंससास समिति | कार्यपालिका | महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ व २०८० ।८१ | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.२ गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान गराउने छुट्टै कक्षको व्यवस्था गर्ने । | लैंससास समिति | कार्यपालिका | गांउपालिका | आ व २०८० ।८१ | | नपर्ने |
| ४.२.४ महिला, गरिब र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने । | लैंससास समिति | कार्यपालिका | सामाजिक विकास शाखा<br>महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ४.४.२ विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौन शिक्षातथा सहजीकरण कार्यक्रम संचालन गर्ने । | लैंससास समिति | कार्यपालिका | शिक्षा शाखा | आ व २०८० ।०८१ | पर्ने | |
| ४.४.३ गाउँपालिकाले कुहिने र नकुहिने घरायसी फोहोर छुयाउने व्यवस्था मिलाउने र यस्ता समान सहभागिताको लागि चेतना फैलाउने कार्यक्रम सञ्चालन गर्नु पर्ने । | लैंससास समिति | कार्यपालिका | खानेपानी तथा वास शाखा | आ.व. २०८० /०८१ | पर्ने | |
| ४.५.१ योजनातर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने । | लैंससास समिति | कार्यपालिका | उद्यम विकास शाखा<br>पशु तथा कृषि शाखा | आ.व. २०८० /०८१ | पर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५.४ गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्तिअनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने । | लैंससास समिति | कार्यपालिका | सहकारी शाखा | आ.व. २०८० /०८१ | पर्ने | |
| ५.१.३ महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका<br>महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ.व. २०८० /०८१ | | नपर्ने |
| ५.१.४ संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गर्ने । | लैंससास समिति | कार्यपालिका | सामाजिक विकास शाखा<br>महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ व २०८० ।०८१ | | नपर्ने |
| ५.३.३ स्थानीय रेडियो, एफ.एम. र छापा (तया सामाजिक सञ्जाल वा भर्चुअल) माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने । | लैंससास | कार्यपालिका | सुचना शाखा | आ व २०८० ।०८१ | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.४.२ कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा लैंङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका | आ.व. २०८० /०८१ | | नपर्ने |
| ५.५.४ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदद्धारा पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने । | लैंससास समिति | कार्यपालिका | गाउँपालिका<br>महिला, वाल वालिका तथा जेष्ठ नागरीक शाखा | आ.व. २०८० /०८१ | | नपर्ने |

# भाग ६

# निष्कर्ष र सुझावहरु

## ६.१. लैंससास परीक्षणको  निश्कर्ष

मनहरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त भएको समग्र नतिजा हेर्दा सबै मुख्य क्षेत्रहरु सामान्य रुपमा रहेको छ । साथै सबै मुख्य क्षेत्रहरु भित्र पर्ने सहायक क्षेत्रहरु र सुचकहरु सुधार गर्न र कमजोर लाई माथि उठाउन आवश्यक नीति, कानुनहरु, संस्थागत व्यवस्थाहरु, कार्यक्रमहरु र वजेट व्यवस्थापन र कार्यान्वयनमा ध्यान दिनु पर्छ । यद्यपि मनहरी गाउँपालिकाले सामान्यतया धेरै सुचकहरुमा देखिने गरि काम गरेको भएता पनि प्रमाणीकरणका आधारहरुका अभिलेखहरुको व्यवस्थापनमा कम ध्यान दिएकोले यसतर्फ सुधार गरेर जानु पर्दछ । यस गाउँपालिकाका दक्ष कर्मचारीहरु तथा जनप्रतिनिधिहरु तथा पदाधिकारीहरुलाई प्रयाप्त रुपमा सम्पुर्ण सुचकहरु जानकारी हुने किसिमले अभिमुखिकरण गरिनु पर्ने देखिन्छ । गाउँपालिकामा क्षमता विकास नीति तथा कार्ययोजना तयार गरि लैंससासका दृष्टिकोणले सबै पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरि योजना तर्जुमा तथा सेवा प्रवाह गर्दा हरेक लिंग, वर्ग, जानजाती, महिला, दलित, जनजाती अल्पसंख्यक, बञ्चितीकरणमा परेका, अपांगता भएका लगाएतका पछाडी पारीएको वर्गको समेत समावेशी हुने किसिमको प्रतिनिधित्वको सुनिश्चितता नीतिगत र व्यवहारीक रुपमै गर्नु पर्ने देखिन्छ ।

अन्तमा, मनहरी गाउँपालिकाले उप-प्रमुखको संयोजकत्वमा गठीत लैंससास कार्यदलको भुमिका अनुसार नेपालको संविधान २०७२ ले व्यवस्था गरेका आधारभुत अधिकार तथा सामाजिक समावेशीका प्रावधानहरुलाई मनन गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नीतिगत व्यवस्थाका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति र कार्यविधि २०७७ समेतका प्रवाधानहरुलाई व्यवहारीक रुपमा लागु गरि गाउँपालिकाको समग्र विकासको मुल प्रवाहीकरणमा सम्पुर्ण महिला, बालबालिका, जनजाती, दलित, अपांगता भएको समुदाय, अल्पसंख्यक तथा वञ्चितीकरणमा परेका समुदायहरुलाई समावेश गर्न अहम भुमिका निवार्ह गर्नु पर्छ । साथै यस परीक्षणले तयार गरेका योजनालाई कार्यान्वयन गरी आगामी दिनहरुमा समग्र मुल क्षेत्रहरु, सहायक क्षेत्रहरु तथा सुचकहरुमा उल्लेख्य सुधार ल्याउने काम गर्नु पर्छ ।

## ६.२. लैंससास परीक्षणको सुझावहरु

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएको अङ्क तथा नतिजा, विभिन्न दस्तावेजहरुको अध्ययन, लक्षित वर्गसँगको छलफल र सम्पुर्ण सूचकहरुको छलफलबाट लैंससास पूर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेका छन् ।

- स्थानीय सरकार संचालन ऐन २०७४ ले अंगिकार गरेका उद्धेश्य प्राप्तिका लागि लैससासको नीति, कानुन र योजना तयार गर्दाका समयमा नै लक्षित वर्ग (विशेष गरी महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक अल्पसंख्यक, तथा पछाडी पारिएको समुदाय) हरुको सक्रिय सहभागिता बढाउनुपर्ने ।
- लैंससास परीक्षण बाट प्राप्त भएको नतिजालाई यस परीक्षणका क्रममा तयार गरिएको लैंससास कार्ययोजना अनुसार आगामी दिनमा कार्यक्रमहरु तय गरि कार्यानवयनमा जाने वातावरण तयार गर्ने मुख्य जिम्मेवारी वहन गर्नु पर्नेछ ।
- गाउँपालिकामा गठित लैंससास कार्यदल लाई विशेष अधिकार प्रदान गरि निर्णय समेतको अधिकार प्रदान गर्न नीतिगत रुपमा व्यवस्था गरि क्षमता अभिवृद्दि गर्ने ।
- लैंङ्गिक तथा सामाजिक अवस्थाहरुको तथ्याङ्क संकलन, व्यवस्थापन, अभिलेखीकरण तथा अद्यावधिकरणलाई गाउँपालिका स्तरमा नीति, प्रविधि, कर्मचारी व्यवस्थापन गरि संस्थागत गरिनुपर्ने ।
- गाउँपालिकाले योजना तर्जुमा गर्ने क्रममा बढि भन्दा बढि समावेशी गर्नको लागि वस्ती स्तर वाटै लैंससास संयन्त्र विकास गरि योजना छनौट गर्नु पर्दछ ।
- लैंङ्गिक हिंसामा परेका महिलाहरुका लागि मनोसामाजिक सेवा तथा प्रेषण प्रणालीको विकास गर्नुपर्ने । तथा जिल्ला र प्रदेश संग पनि समन्वय गरि एकिकृत लैंगिक सेवा प्रदान गर्न पहल गर्ने ।
- महिला, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई स्वरोजगार तथा आयआर्जनका लागि व्यवसाय, कृषि, बजार र पर्यटन सम्बन्धि स्रोत, सीप र तथा प्रविधीको व्यवस्था गर्नुपर्ने ।

**अनुसुचि १**

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सहभागीहरु**

| क .स. | नाम | पद | कार्यालय/संस्था/शाखा | कैफियत |
|---|---|---|---|---|
| १. | सीता पुलामी मगर | उपाध्यक्ष | मनहरी गाउँपालिका | |
| २. | रमेश सुवेदी | प्र. प्र.अ. | मनहरी गाउँपालिका | |
| ३. | अनन्त प्रकाश अर्याल | वडा अध्यक्ष एवं सामाजिक विकास समिति संयोजक | मनहरी गाउँपालिका | |
| ४. | शिव प्रसाद खनाल | वडा अध्यक्ष | मनहरी गाउँपालिका | |
| ५. | राम कुमार पाखीन | वडा अध्यक्ष | मनहरी गाउँपालिका | |
| ६. | नवराज सुवेदी | का.वा.वडा अध्यक्ष | मनहरी गाउँपालिका | |
| ७. | सविता सुवेदी | कार्य पालिका सदस्य | मनहरी गाउँपालिका | |
| ८. | सेतीमाया तामाङ्ग | कार्यपालिका सदस्य | मनहरी गाउँपालिका | |
| ९. | राममाया नगरकोटी | कार्यपालिका सदस्य | मनहरी गाउँपालिका | |
| १०. | मिरा खत्री | कार्यपालिका सदस्य | मनहरी गाउँपालिका | |
| ११. | कान्छीमाया वोट | कार्यपालिका सदस्य | मनहरी गाउँपालिका | |
| १२. | चतुर कुमार सुनार | कार्यपालिका सदस्य | मनहरी गाउँपालिका | |
| १३. | दीपक अधिकारी | एम आई एस अपरेटर | मनहरी गाउँपालिका | |
| १४. | नमिता अधिकारी | कृषि प्राविधिक | मनहरी गाउँपालिका | |
| १५. | रेखा सापकोटा | न्यायिक सहजकर्ता | मनहरी गाउँपालिका | |
| १६. | चुडामणि अधिकारी | पशु प्राविधिक | मनहरी गाउँपालिका | |
| १७. | शिला अधिकारी | स.म.वि.नी. | मनहरी गाउँपालिका | |
| १८. | प्रेक्षा गौतम | सिअनमी | मनहरी गाउँपालिका | |
| १९. | ललित कुमार शाह | अमिन | मनहरी गाउँपालिका | |
| २०. | सम्झना दंगाल | उ.वि.स. | मनहरी गाउँपालिका | |
| २१. | जितेन्द्र चौधरी | अमिन | मनहरी गाउँपालिका | |
| २२. | अन्जना सुवेदी | अधिकृत सातौ | मनहरी गाउँपालिका | |
| २३. | शिवराज गिरी | रोजगार संयोजक | मनहरी गाउँपालिका | |
| २४. | शिव नारायण शाह | कृषि स्नातक | मनहरी गाउँपालिका | |
| २५. | ध्रुव खड्का | मेल मिलाप संयोजक | मनहरी गाउँपालिका | |
| २६. | राजेन्द्र भट्राई | वरिष्ठ लेखा अधिकृत | मनहरी गाउँपालिका | |
| २७. | पुजन न्यौपाने | सहयाक स्तर चौथो | मनहरी गाउँपालिका | |
| २८. | सुशिल भण्डारी | सहयाक चौथो | मनहरी गाउँपालिका | |
| २९. | राजेन्द्र प्रसाद चौलागाई | योजना अधिकृत | मनहरी गाउँपालिका | |
| ३०. | विदुर विक्रम थापा | शिक्षा शाखा | मनहरी गाउँपालिका | |
| ३१. | प्रदिप पराजुली | शिक्षा शाखा | मनहरी गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| | सनसरिता कुशवाहा | सा.वि.शाखा | मनहरी गाउँपालिका | |
| ३२. | रामचन्द्र दाहाल | स्वा.संयोजक | मनहरी गाउँपालिका | |
| ३३. | नारायण गिरी | | मनहरी गाउँपालिका | |
| ३४. | अविना ढकाल | अ.न.मी. | मनहरी गाउँपालिका | |
| ३५. | सुक वहादुर चौधरी | | मनहरी गाउँपालिका | |
| ३६. | चन्दन कुमार मण्डल | प्रा.स. | मनहरी गाउँपालिका | |
| ३७. | विर वहादुर पाठक | कार्यालय सहयोगी | मनहरी गाउँपालिका | |
| ३८. | देवराज प्रजा | प्र.अ. | श्री प्रभा विकास मा.वि. | |
| ३९. | ज्ञानेन्द्र ढकाल | अधिकृत छैठौ | मनहरी गाउँपालिका | |
| ४०. | भरत प्रसाद के.सी. | कार्यकारी निर्देशक/ परामर्शदाता | ह्याप्पी स्टिङ्ग एडभाईजर्स प्रा.लि. | |
| ४१. | लेख वहादुर क्षेत्री | परामर्शदाता | ह्याप्पी स्टिङ्ग एडभाईजर्स प्रा.लि | |

## अनुसूची २

### कार्यक्रमका तस्विरहरु











